## सूचना नं. १

**तथ्याङ्क सङ्कलनको लागि अनुमति लिनुपर्ने**

तथ्याङ्क ऐन, २०७९ को परिच्छेद-२ को दफा ८ तथा तथ्याङ्क नियमावली, २०८० को परिच्छेद-४ को नियम १७ बमोजिम राष्ट्रियस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्न चाहने सरकारी निकाय वा संस्थाले तथ्याङ्क सङ्कलन गर्न अनुमति प्राप्त गर्नका लागि देहाय बमोजिमका कागजात संलग्न राखी तथ्याङ्क नियमावली, २०८० को अनुसूची-३ बमोजिमको निवेदन यस कार्यालयमा पेस गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(क) सम्बन्धित निकाय वा संस्थाको निर्णयको प्रतिलिपि,
(ख) तथ्याङ्क सङ्कलनको उद्देश्य, कार्यक्षेत्र, विधि र अनुमानित लागत सहितको अवधारणापत्र,
(ग) अनुसूची-४ बमोजिमको तथ्याङ्क सङ्कलन अनुमति फाराम,
(घ) तथ्याङ्क सङ्कलनका लागि तयार गरिएको प्रश्नावली,
(ङ) सरकारी निकाय र सार्वजनिक संस्था बाहेकका अन्य संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,
(च) तथ्याङ्क सङ्कलनका लागि वित्तीय स्रोत उपलब्ध रहेको विवरण।

*साथै, नेपालस्थित विदेशी संस्थाले समेत राष्ट्रिय प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्नुअघि* **तथ्याङ्क नियमावली, २०८० को नियम २० बमोजिम** *अनुमति लिनु पर्नेछ।*

## सूचना नं. २

**उत्पादित तथ्याङ्क प्रयोगमा ल्याउनु अगाडि प्रमाणित गराउनु पर्ने**

तथ्याङ्क नियमावली, २०८० को परिच्छेद-४ को नियम १७ बमोजिम तथ्याङ्क सङ्कलन गर्न अनुमति प्राप्त गरिसकेका सरकारी निकाय वा संस्थाले तथ्याङ्कको नतिजा प्रयोगमा ल्याउनु वा प्रकाशन गर्नुअघि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ र सोको लागि सम्बन्धित सरकारी निकाय वा संस्थाले उत्पादित तथ्याङ्कको संक्षिप्त प्रतिवेदन वा सारांशसहित सूक्ष्म कोरा तथ्याङ्क संलग्न गरी कार्यालयमा तथ्याङ्क नियमावली, २०८० को अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ।